# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २०२ | काठमाडौं | बुधबार, ६ मंसिर २०८० | Prabhab National Daily | Wednesday, November 22, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**भूकम्पको जोखिमबाट सुरक्षित बनौं**

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# गोलमाल गोलमेच



हाम्रो मूल समस्या भनेको न्यून आर्थिक वृद्धि र युवा जनशक्तिलाई मुलुकमै गुणस्तरीय रोजगारी दिन नसक्दा प्रतिभा र श्रम पलायन हुनु हो । सरकार, निजी क्षेत्रलगायत सहकारी क्षेत्रको संयुक्त साझेदारीमा उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आन्तरिक उत्पादन र रोजगारी बढाउनैपर्छ ।

**पुष्पकमल दाहाल**
प्रधानमन्त्री



समस्या छ भन्ने थाहा हुँदाहुँदै पनि सुधारको उपाय अवलम्बन गरेनौं । बजेट र मौद्रिक नीतिका लागि सबै निजी क्षेत्रले संयुक्त रूपमा सुझाव दियौं तर सुनुवाइ हुन सकेन । सरकारी निकायहरूबीच सामान्य समन्वयमात्रै भइदिएको भए अहिलेजस्तो समस्या हुने थिएन ।

**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले मुलुकको अर्थतन्त्र सुधार्न राखेको गोलमेच बैठक 'गोलमाल' निर्णय गर्दै सकिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको अग्रसरतामा मंगलबार दिउँसो सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निजी क्षेत्रसहितको सहभागितामा गोलमेच बैठक राखिएको थियो । चार घण्टासम्म चलेको बैठकबाट निस्केका व्यवसायीहरू खुसी देखिएनन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अहिले उपभोक्ता मागमा संकुचन र उद्यमी व्यवसायीमा चरम निराशा देखिएको बैठकपछि बताए । अहिले उद्योगी–व्यवसायीले लगानीको नभई पलायनको योजना बनाइरहेको ढकालको भनाइ थियो । निजी क्षेत्र चरम समस्याको अवस्थामा पुगिसक्दा पनि सरकारले सुनुवाइ नगर्दा समस्या झन् बल्झिँदै गएको ढकालले बताए ।

'हामी कोभिडपछिको तीव्र आर्थिक विस्तारबाट धेरै आत्तियौं र निजी क्षेत्रलाई संकुचित बनाई माग घटायौं । असहज आर्थिक अवस्थामा सरकारले खर्च बढाउनुपर्नेमा खर्च कटौतीको नीति लियो । यसले समस्यालाई बढायो,' ढकालले भने, 'समस्या छ भन्ने थाहा हुँदाहुँदै पनि सुधारको उपाय अवलम्बन गरेनौं । बजेट र मौद्रिक नीतिका लागि सबै निजी क्षेत्रले संयुक्तरूपमा सुझाव दियौं । तर सुनुवाइ हुन सकेन ।'

बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महत, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयालदेखि व्यवसायी शेखर गोल्छा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल, महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठलगायतको सहभागिता थियो । संसद्मा प्रतिनिधित्व रहेको लगभग सबै दल उपस्थित हुँदा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले भने बैठकमा देखिएन ।

चेम्बरका अध्यक्ष मल्लले राज्यको अस्थिर नीतिकै कारण अर्थतन्त्र ओरालो लागेको आरोप लगाए । 'अस्थिर नीतिका कारण निजी क्षेत्र समस्यामा परेको हो । तर यस विषयमा प्रधानमन्त्रीबाट अपेक्षित कुरा आएन,' मल्लले भने ।

बैठकमा अर्थमन्त्री महतले मुलुकको समग्र अर्थतन्त्रको अवस्थाबारे जानकारी दिएका थिए । राष्ट्र बैंकका गभर्नर अधिकारीले मौद्रिक नीतिमा भएका सुधारको खाका प्रस्तुत गरेका थिए । छलफलमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेपाली कांग्रेसका महामन्त्री गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद स्वर्णिम वाग्ले, जनता समाजवादी पार्टीका राजेन्द्र श्रेष्ठ, जनमत पार्टीका अब्दुल खान, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, अर्थविद् रामेश्वर खनाल, जनक शाहलगायतले मुलुकको वर्तमान आर्थिक स्थितिबारे आ-आफ्ना धारणा राखेका थिए ।

कांग्रेस महामन्त्री थापाले निजी क्षेत्रको साथविना अहिलेको आर्थिक संकट समाधान नहुने बताए । 'विकास निर्माणका कामदेखि औद्योगिक उत्पादनसम्ममा सरकारी नीतिमा सुधार आवश्यक छ,' थापाले भने ।

उनले सरकारले अघि बढाएका कतिपय विधेयक निजी क्षेत्रविरोधी रहेको बताए । 'सरकारले अहिले ल्याएको विद्युत् विधेयक पास भए निजी क्षेत्र सकिन्छ,' थापाले भने, 'निजी क्षेत्रलाई प्रोत्साहित गर्ने खालका कानुन हाम्रो आवश्यकता हो ।'

गभर्नर अधिकारीले अर्थतन्त्र बाहिर भनिएजस्तो समस्यामा नभएको दाबी गरे । उनले जलविद्युत् क्षेत्रमा लगानीको समस्या नहुने भन्दै २० हजार मेगावाटका आयोजना बनाउन निजी क्षेत्रलाई सुझाव दिए । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले विद्युत् खरिद बिक्री (पिपिए) भएका आयोजना नै लगानी अभावमा अगाडि बढाउन नसकेको बताएका थिए । (बाँकी पृष्ठ २ मा)



- मुलुकको अर्थतन्त्र सुधार्न आयोजित गोलमेच बैठकबाट प्रधानमन्त्री दाहालले ठोस कार्यक्रम ल्याउन सकेनन्
- राहत प्याकेज घोषणा गर्न आयोजित बैठकबाट निस्केका व्यवसायी निराश
- नेपालमा आर्थिक विकासको मार्गचित्र कोर्न सक्ने अर्थतन्त्र सुधारका तत्कालीन र दीर्घकालीन रणनीतिक खाका मंसिर मसान्तभित्रै मन्त्रिपरिषद्समक्ष प्रस्तुत गर्ने प्रधानमन्त्रीको वाचा

## सरकार–निजी क्षेत्र बैठकको निचोड

आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रको परिपूरकतालाई राष्ट्रिय पुँजीको रूपमा विकास गर्न जरुरी रहेको बैठकले निष्कर्ष निकालेको छ । सिंहदरबारमा मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहालको आह्वानमा बसेको सरकार-निजी क्षेत्रको बैठकले उक्त निष्कर्ष निकालेको हो । बैठकले विश्वव्यापीकरण तथा विश्वमा विकास भइरहेका नवीन प्रविधिलगायत विकासका मोडेलमा भएका परिवर्तनलाई आत्मसात गर्दै नेपालको परम्परागत अर्थतन्त्रको संरचना रूपान्तरण गर्नैपर्ने बेला भइसकेको ठहरसमेत गरेको छ ।

'चुनौती हरेक अर्थतन्त्रमा रहन्छन्, सकारात्मक सोच, साझा प्रयास र दृढ इच्छा शक्तिले नै समृद्धिको दिशा तय गर्ने हो,' बैठकमा प्रधानमन्त्री दाहालले भने । रोजगारी सिर्जना र गरिबी निवारणमा सहयोग पुग्नेगरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै राष्ट्रिय पुँजी निर्माण गर्नुपर्नेमा उनले जोड दिए । (बाँकी पष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### अमेरिकाको नयाँ श्रम नीति

# श्रमिकको अधिकार खोस्नेमाथि भिसा प्रतिबन्ध

**प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त राज्य अमेरिकाले श्रमिकको अधिकार सुनिश्चित गर्नका लागि कडा प्रावधानसहितको नयाँ श्रम नीति घोषणा गरेको छ । अमेरिकाले गत सातामात्रै जुनसुकै अवस्थाका आन्तरिक तथा आप्रवासी श्रमिकको अधिकार हनन गर्नेमाथि भिसा प्रतिबन्धसहितका कडा कारबाही गर्न सक्ने नीतिगत घोषणा गरेको हो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले श्रमिकको सबलीकरण, अधिकार र श्रमको उच्चतम गुणस्तर कायम गर्न आफ्नो सरकारले विश्वव्यापी रूपमा अघि बढाउने नीतिगत कदमहरूको घोषणा गरेको अन्तर्राष्ट्रिय समाचार संस्था बिबिसीले जनाएको छ । नयाँ नीतिअनुसार विदेशमा रहेका अमेरिकी नियोगहरूले श्रमिक विरोधी कार्य र श्रम युनियनलाई तारो बनाउने सरकारी, निजी र कानुनी दायरामा नरहेका निकायहरूलाई आर्थिक प्रतिबन्धदेखि भिसा रोक्नेसम्मको कदम चालिने बताइएको छ । अमेरिकी विदेश मन्त्रालयले राष्ट्रपति बाइडेनको 'प्रेसिडेन्सियल मेमोरेण्डम'लाई तत्कालै कार्यान्वयनमा लैजाने बताउँदै देशभित्र लिएका नीतिसँग मेल खानेगरी श्रमिक र ट्रेड युनियनहरूको क्षमता अभिवृद्धि गर्ने उल्लेख गरेको छ ।

मन्त्रालयले नोभेम्बर १६ मा जारी गरेको विज्ञप्तिमा राष्ट्रपतिको घोषणाले पहिलोपटक नियोगका प्रमुखहरू र विदेश मन्त्रालयका अधिकारीहरूलाई प्रत्यक्ष रूपमा श्रम कूटनीतिमा संलग्न हुन र श्रमिक र श्रमिकका अधिकारको पक्षमा सार्वजनिक रूपमा सन्देशहरू प्रवाह गर्न निर्देशन दिएको उल्लेख गरेको छ । श्रमिकको क्षमता अभिवृद्धि गर्न कूटनीति, वैदेशिक सहयोग, विभिन्न कार्यक्रम, कानुनको तर्जुमा र व्यापार एवं आर्थिक सहकार्यजस्ता उपाय अवलम्बन गरिने बताइएको छ । राष्ट्रपति बाइडेनको घोषणापश्चात् श्रमिकको हक र श्रमको मापदण्डको पक्षमा अमेरिकी प्रशासनले विश्वव्यापी नेतृत्व लिने उल्लेख गर्दै श्रम अधिकारलाई अमेरिकाको राष्ट्रिय र आर्थिक सुरक्षाको महत्त्वपूर्ण पाटोका रूपमा बयान गरेको छ ।

अमेरिकाले नयाँ नीतिमार्फत देशभित्र र बाहिरका सरकार, श्रमिक, श्रम संगठन, ट्रेड युनियन, नागरिक समाज र निजी क्षेत्रसँग मिलेर जबरजस्ती काम गराउने, बालबालिकालाई काम लगाउने र अन्य श्रमअधिकार उल्लंघन गर्नेजस्ता अन्तर्राष्ट्रिय मापदण्डविपरीतका कामको नियन्त्रणका लागि प्रभावकारी गतिविधि अवलम्बन गर्ने जनाएको बिबिसीले उल्लेख गरेको छ । साथै, विदेशी कम्पनीहरूलाई नियोग प्रमुखहरूले आफ्ना व्यापारिक र व्यावसायिक गतिविधिमा उच्चतम श्रम मापदण्ड पालना गराउन प्रोत्साहित गर्ने र अमेरिकी सहयोग नियोग युएसएडले पनि आफ्नो कार्यक्रम र विकास सहयोगहरूमा श्रमअधिकार प्रवर्द्धनलाई समेट्ने घोषणा गरिएको छ । यसका लागि अमेरिकी विदेशमन्त्रीले अन्तर्राष्ट्रिय श्रम मामिलासम्बन्धी विशेष प्रतिनिधि र श्रममन्त्रीसँग समन्वय गरेर संसारभरका अमेरिकी नियोगका प्रमुखहरूलाई सोझै श्रम कूटनीतिमा संलग्न हुन निर्देशन दिने छन् ।

> हाम्रो देशले औपचारिक तवरबाट दैनिक औसत दुई हजारभन्दा बढी श्रमिकलाई रोजगारीका लागि विदेश पठाउँछ । यसरी श्रमिक पठाउँदा बेइमानी गर्नेहरूलाई पनि अमेरिकाले घोषणा गरेको नयाँ नीतिले अवश्य प्रभाव पार्ने देखिन्छ ।
>
> **डा. गणेश गुरुङ**
> श्रम तथा आप्रवासनविज्ञ

यस्तै उक्त घोषणामार्फत श्रमिक, श्रमिकका नेता र उनीहरूको अधिकारको पैरवी गर्ने व्यक्तिहरूमाथिको दमन नियन्त्रणका लागि सार्वजनिक रूपमा आवाज उठाउने बताइएको छ । यदि अवस्था सुधारका लागि तयार नभए आर्थिक प्रतिबन्ध, व्यापारिक दण्ड, भिसामा रोक र अन्य कदमहरू समावेश हुने चेतावनीसमेत दिइएको छ । उक्त घोषणाबारे अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकनले श्रम युनियनका नेता, श्रमअधिकार रक्षक र श्रम संगठनमाथि आक्रमण गर्नेलाई जवाफदेही बनाइने बताए ।

'श्रमिकहरूको अधिकारको पैरवी गर्ने र श्रमको गुणस्तर अभिवृद्धि गर्ने कुरा हाम्रो कूटनीतिको केन्द्रीय हिस्सा हो, हाम्रो विदेश मन्त्रालयको प्रयासहरूको यो मुख्य पाटो हो,' उनले भने । श्रमअधिकारको मापदण्ड प्रवर्द्धन गर्न राष्ट्रसंघसहितका निकायसँग मिलेर काम गर्ने भन्दै मन्त्री ब्लिंकनले अमेरिका आफूले गरेका श्रम सम्झौताको कार्यान्वयनका लागि अनुगमन गर्ने र जबर जस्ती श्रममा प्रयोग गरिएका श्रमिकबाट उत्पादित सामग्री आयात नहुने सुनिश्चित गर्ने बताएका छन् ।

श्रमिकका अधिकारलाई जोड दिएर अमेरिकाले घोषणा गरेको नयाँ नीतिले नेपालको आन्तरिक र वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको अवस्था सुधार गर्न दबाब पुग्ने श्रम तथा आप्रवासनविज्ञ डा. गणेश गुरुङले बताए । 'हाम्रो देशले औपचारिक तवरबाट दैनिक औसतरूपमा दुई हजारभन्दा बढी श्रमिकलाई रोजगारीका लागि विदेश पठाउँछ,' उनले भने, 'यसरी श्रमिक पठाउँदा बेइमानी गर्नेहरूलाई पनि अमेरिकाले घोषणा गरेको नयाँ नीतिले अवश्य प्रभाव पार्ने देखिन्छ ।'

अमेरिकाको पछिल्लो घोषणाबाट राम्रो गर्नेहरूलाई प्रोत्साहन हुने र नराम्रो गर्नेहरू कालोसूचीमा पर्ने र नीतिअनुसार दण्डित हुने उनको भनाइ छ । अमेरिकाले खाडी राष्ट्रका साझेदारहरूलाई राम्रो श्रम वातावरण बनाउन दबाब दिनसक्ने भन्दै श्रमविज्ञ डा. गुरुङले लाखौंको संख्यामा खाडी मुलुकमा काम गर्ने नेपाली श्रमिकलाई आगामी दिनमा फाइदा हुने बताए ।


**जनहितमा जारी सन्देश**

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरूः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरू, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरू आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

**डेंगीबाट बच्ने उपायहरू**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## गोलमाल गोलमेच...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्री दाहालले एक हजार २०० मेगावाटको बूढीगण्डकी जलविद्युत् आयोजना स्रोत सुनिश्चितता गरेर अघि बढाउने, १० हजार ८०० मेगावाटको कर्णाली चिसापानी आयोजनाको अध्ययन द्रुत गतिमा गर्ने र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने बताएको नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले जानकारी दिए ।

प्रधानमन्त्री दाहालले समस्यामा परेका व्यवसायीलाई सहुलियत दिने विषयमा राष्ट्र बैंकलाई जिम्मा लगाउने विषयदेखि ब्याज घटाउनेसम्मका विषयमा बैठकको अन्त्यमा सम्बोधन गरे । प्रधानमन्त्रीले देशको अर्थतन्त्रको अवस्था प्रचार भएजस्तो खराब नभएको दाबी गरे । दाहालले अरु अघिल्ला वक्तव्यहरूमाझैं वास्तविक क्षेत्र, सार्वजनिक क्षेत्र, मौद्रिक क्षेत्र तथा बाहृय क्षेत्रमा सुधारका संकेत देखिन थालेको तर्क बैठकमा गरे । 'मैले पनि अर्थतन्त्रको पुनरुत्थानको लागि नियमितरूपमा निर्देश गरिरहेको छु । हामीले प्रतिकूल समय पार गरिसकेका छौं । विस्तारै अर्थतन्त्रका समष्टीगत आर्थिक परिसूचकमा सुधारका संकेत देखिन थालेका छन्,' दाहालले भने, 'अर्थतन्त्रको अहिलेको अवस्थाबारे हामी जानकार नै छौं । म स्वयं पनि उद्योगी, व्यवसायी, आयात निर्यातकर्ता, निर्माण व्यवसायी, यस क्षेत्रका विज्ञलगायत विभिन्न सरोकारवाला पेसाकर्मीसँग निरन्तर अन्तरक्रियामा छु ।'

दाहालले यसअघि गोलमेच सम्मेलन गरी राहत प्याकेज ल्याउने बताएका थिए । प्रधानमन्त्रीले सोमबारमात्र बालुवाटारमा यसबारे आन्तरिक छलफल गरेका थिए । तर, अर्थमन्त्री महतसँग प्याकेज ल्याउने विषयमा सहमति नजुटेको बताइएको छ । 'नसक्ने विषयमा प्याकेज घोषणा गरेर हुँदैन । सरकारको क्षमताअनुसार प्याकेज घोषणा गर्ने हो,' गोलमेच बैठकपछि अर्थमन्त्री महतले भने ।

### अर्थतन्त्रको वर्तमान अवस्था

पञ्चायतकालको ३० वर्षमा अर्थतन्त्रको आकार र बहुदलपछिका ३० वर्षमा अर्थतन्त्रको आकार तुलना गर्दा उल्लेख्य वृद्धि भएको प्रधानमन्त्रीले तथ्यांक पेस गरेका थिए । आव २०४५/४६ पछि कूल गार्हस्थ उत्पादनको आकार ६० गुणाले बढेर पाँच हजार ३८१ अर्ब पुगेको छ । प्रतिव्यक्ति आय १९६ अमेरिकी डलरबाट ७.१ गुणाले बढेर एक हजार ३९९ पुगेको छ । नेपालीको औसत आयु ५२ वर्षबाट ७३ वर्षको हाराहारीमा पुगेको छ ।

त्यसैगरी मानव विकास सूचकांकमा उल्लेख्य सुधार भएको छ भने नेपाल अतिकम विकसित देशबाट विकाशील मुलुकमा स्तरोन्नति हुने प्रक्रियामा रहेको प्रधानमन्त्री दाहालले उल्लेख गरे । उनले भने, 'हाम्रो मूल समस्या भनेको न्यून आर्थिक वृद्धि र युवा जनशक्तिलाई मुलुकमै गुणस्तरीय रोजगारी दिन नसक्दा प्रतिभा र श्रम पलायन हुनु हो । यसलाई तत्कालै सम्बोधन गर्न जरुरी छ । यसका साथै बढ्दो सामाजिक आर्थिक असमानता पनि घटाउन जरुरी छ । सरकार, निजी क्षेत्रलगायत सहकारी क्षेत्रको संयुक्त साझेदारीमा उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आन्तरिक उत्पादन र रोजगारी बढाउनै पर्छ ।'

### व्यवसायीको गुनासै गुनासा

सरकारी खाता घाटा, चालु र वित्तीय व्यवस्था शीर्षकको बजेट खर्च बढ्नु तर पुँजीगत खर्च बढ्न नसक्नु, मूल्य वृद्धिदर पछिल्लो २० महिनायता सात प्रतिशतभन्दा माथि हुनु, सिमेन्ट छडजस्ता उद्योग न्यून क्षमतामा चल्नु, साना तथा मझौला व्यवसायी समस्यामा पर्नुलगायत विषय निजी क्षेत्रले बैठकमा उठाएको छ । राज्यले पुँजीगत खर्च बढाउनुपर्ने र लगानीमैत्री वातावरण बनाउँदै लैजानुपर्नेमा निजी क्षेत्रको जोड दिएको छ ।

लगानीमैत्री वातावरणका लागि शान्ति सुरक्षा, लगानी सुरक्षा र लगानीकर्तालाई उत्प्रेरणा हुने गरी काम गर्नुपर्ने धारणा निजी क्षेत्रबाट आएको छ । नेपालको सार्वभौम साख मूल्यांकन हुनुपर्ने, विद्युत् खपत बढाउने, पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी निर्माण भइसकेको विमानस्थल सञ्चालनमा ल्याउने तथा सडक विस्तार तीव्र बनाउनेलगायतका सुझाव महासंघले दिएको छ । नयाँ नर्सिङ कलेज खोल्न रोक्दा विद्यार्थी भारतीय सीमा क्षेत्रमा गएर पढ्न बाध्य भएको र यसबाट विदेशी मुद्रासमेत बाहिरिएकाले सरकारले यस विषयमा पनि सोच्नुपर्ने बेला भएको महासंघले बताएको छ ।

राष्ट्र बैंकले चाल्नुपर्ने कदमबारे पनि महासंघले सरकारलाई सुझाव दिएको छ । हालै नेपाल राष्ट्र बैंकले एकीकृत निर्देशिकाको संशोधनमार्फत व्यावसायिक साझेदारलाई पनि 'वाच लिस्ट'मा राख्ने र कालोसूचीबाट बाहिर निस्किन छ महिना लाग्ने प्रावधान ल्याएकामा त्यसले व्यवसायी हतोत्साही भएको गुनासो महासंघले गरेको छ ।

साना तथा मझौला कर्जालाई सहजरूपमा कर्जा प्रवाहको व्यवस्था गरिनुपर्ने, चालु पुँजी कर्जासम्बन्धी व्यवस्था पनि बैंक वित्तीय संस्थाले नै निर्णय गर्ने गरी नियामकले हस्तक्षेप नगर्ने, गाउँगाउँसम्म पुँजी प्रवाह हुने वातावरण बनाउने, निक्षेपको ब्याजदर घटाउन मौद्रिक नीतिको समीक्षामार्फत राष्ट्र बैंकले केही उपकरण ल्याउनुपर्नेलगायत सुझाव महासंघले दिएको छ ।

कृषि, पर्यटन पूर्वाधार र सूचना प्रविधिलगायत सेवा तथा उत्पादनमूलक क्षेत्रमा पुनर्कर्जा र करमा सहुलियतसहितको 'प्याकेज' आवश्यक भएको निजी क्षेत्रको सुझाव छ । बैंक कर्जाको पुनःसंरचना र पुनःतालिकीकरण गरिनुपर्ने सुझाव पनि महासंघले दिएको छ ।

## सरकार-निजी...

पृष्ठ १ बाट जारी

दाहालले उद्योग वाणिज्यको विषयमा उद्योग वाणिज्य परिषद्ले काम गर्ने गरी जिम्मेवारी दिने, सहकारीको बारे आएको सुझावलाई कार्यान्वयन गर्ने, लघुवित्तको विषयमा मर्कामा परेका ऋणीहरूबारे अध्ययन गरेर प्रतिवेदन बनाउने र सोही आधारमा सहयोग गर्ने वचन बैठकमा दिएका छन् ।

त्यसैगरी प्रधानमन्त्री दाहालले सुशासन प्रवर्द्धन गर्न आफ्नै नेतृत्वमा उच्चस्तरीय आयोग गठन गर्ने, सार्वजनिक खरिद ऐन समस्यालाई सम्बोधन गर्न ऐन संशोधन गर्ने, भुक्तानी नपाएका व्यवसायीलाई तत्काल भुक्तानी पाउने व्यवस्था गर्ने र बैंकबाट ऋण लिएकाहरू आर्थिक शिथिलता भएकाहरूको बारेमा राष्ट्र बैंकले अध्ययन गरेर निष्कर्ष निकाल्ने वचनसमेत दिएका छन् । बैंकमा ऋणीहरूको सहुलियतका लागि ब्याजदर घटाउनेबारे अध्ययन गर्नेसमेत प्रधानमन्त्रीका प्रतिबद्धता रह्यो । उद्योग वाणिज्य महासंघले गत आसोज २५ गते आयोजना गरेको आर्थिक बहसका क्रममा प्रधानमन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय संयन्त्रको गठन गर्ने प्रस्ताव गरेको थियो ।

छलफलका निष्कर्षका आधारमा अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, निजी क्षेत्रलगायत विभिन्न विज्ञको सहभागितामा नेपालमा आर्थिक विकासको मार्गचित्र कोर्न सक्ने अर्थतन्त्र सुधार तत्कालीन र दीर्घकालीन रणनीतिक खाका तयार मंसिर मसान्तभित्रै मन्त्रिपरिषद्समक्ष प्रस्तुत गरिने प्रधानमन्त्रीले जानकारी दिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : RINAAT CANE SDN.BHD**

पूर्व स्वीकृति मिति २०८०/०८/०५ LT. No. 295303 चलानी नं. ६०२१०१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 2 | 0 | 1500 | ४२,९५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १३ गते (29th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७९/०५/२० मा दर्ता भएको प्रा.लि.नं. २९८२५९ को **के.टी.एम. स्मोक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७९/०४/०५ मा दर्ता भएको प्रा.लि. नं. २९४१०८ **पाँच पाण्डव इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०८/०६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको खयर जातको गोलिया थान ५२७ को २००५.९६ क्युफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अमिलिया सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा.९, कैलाली, गेरुवा गा.पा.२ बर्दिया**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०५८/०१/११ मा दर्ता भएको प्रा.लि.नं. १५४९९ को **अपार इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री खड्गदल गण कसरा ब्यारेकको**
**विद्युतिय सिलबन्दी कोटेशन (e-GP) आह्वानको सूचना**

**सूचना नं. ००१, ००२, ००३, ००४ (प्रथम पटक प्रकाशित मिति २०८०/०८/०६ गते)**

आ.ब.०८०/८१ मा श्री खड्गदल गणमा नयां निर्माण तथा मर्मत कार्यहरु गर्नुपर्ने भएकोले e-GP System को माध्यमबाट सिलबन्दी कोटेशन आह्वान गरिएको हुँदा ईजाजत प्राप्त इच्छुक फर्महरुले विस्तृत जानकारीको लागि सार्वजनिक अनुगमन कार्यालयको वेबसाईट *www.bolpatra.gov.np/egp* मा हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०५६-४११०२२ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८०/०८/०६**

यस कम्पनीको मिति २०८०/०५/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कर्मण्य ट्रेडिङ्ग कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **कर्मण्य कम्पनी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कर्मण्य कम्पनी प्रा.लि.** (**प्रा.लि.नं.** २९७७५८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पतिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०८/०६)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०८/१२

**बोलपत्र खोलिने मिति**
२०८०/०८/१३ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **१) ऋणीहरु :**<br>**(क) रिजन एण्ड रस्मि किराना पसल**<br>प्रा.फ.र.नं. : ४०७४/०७५/०७६<br>ठेगाना : वेनिघाट रोराङ ०७, धादिङ<br>**(ख) भिम बहादुर कडेल र लिला देवी कडेल**<br>ठेगाना : बेनिघाट रोराङ ०७, धादिङ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. भिम बहादुर कडेल**<br>(ना.प्र.नं. ४३/२७, मिति २०५८/०३/०३ मा जि.प्र.का. धादिङबाट जारी भएको)<br>बाबु : गोपाल बहादुर कडेल<br>बाजे : भुवानी दत्त कडेल<br>**२. लिला देवी कडेल**<br>(ना.प्र.नं. १९९, मिति २०६८/०८/१८ मा जि.प्र.का. धादिङबाट जारी भएको)<br>बाबु : बज्र बहादुर बस्नेत<br>बाजे : सूर्य बहादुर बस्नेत<br>पति : भिम बहादुर कडेल | १. लिला देवी कडेलको नाममा धादिङ जिल्ला मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, वेनिघाट गा.वि.स./न.पा. वडा नं. ०३ (घ) स्थित कि.नं. ०८ (४-१-१-० रोपनी) तथा ऐ.ऐ. वडा नं. ०२ (ब) स्थित कि.नं. ८३९ (०-१-१-३ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. भिम बहादुर कडेलको नाममा धादिङ जिल्ला मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, वेनिघाट गा.वि.स./न.पा. वडा नं. ०२ (घ) स्थित कि.नं. १३५ (०-१३-०-२ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | विविध कर्जा | **२) ऋणी : जय माँ देवी सप्लायर्स**<br>प्रा.फ.र.नं. : ८२१२/०७६/०७७<br>ठेगाना : इनरुवा ०१, सुनसरी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. चन्देश्वर चौधरी**<br>(ना.प्र.नं. ०६१३८६/८७, मिति २०४६/०३/२७ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : फकिरा चौधरी<br>बाजे : सुकदेव चौधरी<br>**२. सिद्घार्थ चौधरी**<br>(ना.प्र.नं. ०६-०१-७१/०१४९७, मिति २०७१/०२/१६ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : चन्देश्वर चौधरी<br>बाजे : फकिरा चौधरी<br>**३. सुनिता देवी चौधरी**<br>(ना.प्र.नं. ३४१/को.सु.३४१, मिति २०४९/०५/२८ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>पति : चन्देश्वर चौधरी<br>ससुरा : फकिरा चौधरी<br>**४. गुरु चरण चौधरी**<br>(ना.प्र.नं. ५९३०७/६०३०७, मिति २०६१/०४/०६ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : चन्देश्वर चौधरी<br>बाजे : फकिरा चौधरी<br>**५. दिपेश नारायण चौधरी**<br>(ना.प्र.नं. ०६१०३७/१७४६००, मिति २०६८/०९/१३ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : चन्देश्वर चौधरी<br>बाजे : फकिरा चौधरी | सुनिता देवी चौधरीको नाममा सुनसरी जिल्ला मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ०९ (ख) स्थित कि.नं. २४२ (०-०-१४-० विगाहा) , कि.नं. २७९ (०-०-१.७५-० विगाहा) र कि.नं. २८२ (०-०-१८.२५-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | अधिविकर्ष कर्जा | **३.) ऋणी : माँ देवी ट्रेडर्स**<br>प्रा.फ.र.नं. ६१९४/०७४/०७५<br>ठेगाना : इनरुवा ०१, सुनसरी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. चन्देश्वर चौधरी**<br>(ना.प्र.नं. ०६१३८६/८७, मिति २०४६/०३/२७ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : फकिरा चौधरी<br>बाजे : सुकदेव चौधरी<br>**२. सिद्घार्थ चौधरी**<br>(ना.प्र.नं. ०६-०१-७१/०१४९७, मिति २०७१/०२/१६ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : चन्देश्वर चौधरी<br>बाजे : फकिरा चौधरी<br>**३. सुनिता देवी चौधरी**<br>(ना.प्र.नं. ३४१/को.सु.३४१, मिति २०४९/०५/२८ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>पति : चन्देश्वर चौधरी<br>ससुरा : फकिरा चौधरी<br>**४. गुरु चरण चौधरी**<br>(ना.प्र.नं. ५९३०७/६०३०७, मिति २०६१/०४/०६ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : चन्देश्वर चौधरी<br>बाजे : फकिरा चौधरी<br>**५. दिपेश नारायण चौधरी**<br>(ना.प्र.नं. ०६१०३७/१७४६००, मिति २०६८/०९/१३ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : चन्देश्वर चौधरी<br>बाजे : फकिरा चौधरी | गुरु चरण चौधरीको नाममा सुनसरी जिल्ला मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ०९ (ख) स्थित कि.नं. २१२ (०-१-१-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | विविध कर्जा | **४) ऋणी : सल्भिक ग्रोसरी स्टोर्स**<br>प्रा.फ.र.नं. : २०९२/०७२/७३<br>ठेगाना : बेसीशहर ०९, लम्जुङ्ग<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. नीरा गुरुङ**<br>(ना.प्र.नं. १४४२५५, मिति २०६०/१०/१४ मा जि.प्र.का लमजुङबाट जारी भएको)<br>पति : भिम बहादुर गुरुङ<br>ससुरा : बुद्धि बहादुर गुरुङ<br>**२. भिम बहादुर गुरुङ**<br>(ना.प्र.नं. ३८२८२, मिति २०५८/०७/१५ मा जि.प्र.का लमजुङबाट जारी भएको)<br>बाबु : सुक बहादुर गुरुङ<br>बाजे : हस्त बहादुर गुरुङ<br>**३. विष्णु कुमारी गुरुङ**<br>(ना.प्र.नं. ५-०१-७३-०४०५४, मिति २०७३/०९/०७ मा जि.प्र.का लम्जुङबाट जारी भएको)<br>पति : सुक बहादुर गुरुङ<br>ससुरा : हस्त बहादुर गुरुङ | १. नीरा गुरुङको नाममा लमजुङ जिल्ला मालपोत कार्यालय लमजुङमा दर्ता कायम रहेको लमजुङ जिल्ला, बेशीसहर गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि.नं. २७२७ (७७.५० व.मी.) र कि.नं. ३३०० (७.९५ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. भिम बहादुर गुरुङको नाममा लमजुङ जिल्ला मालपोत कार्यालय लमजुङमा दर्ता कायम रहेको लमजुङ जिल्ला, बेशीसहर गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि.नं. ३३०१ (२१२.६४ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. विष्णु कुमारी गुरुङको नाममा लमजुङ जिल्ला मालपोत कार्यालय लमजुङमा दर्ता कायम रहेको लमजुङ जिल्ला, बेशीसहर गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि.नं. ५१४१ (९५.३९ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेलः info@nimb.com.np, वेबसाइटः www.nimb.com.np

# ‘संक्रमणकालीन न्याय शीघ्र टुंग्याऊ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले संक्रमणकालीन न्यायलाई शीघ्र टुंगोमा पुऱ्याउन सरकारसँग आग्रह गरेको छ । आयोगले विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पूरा भए पनि द्वन्द्वपीडितले न्याय नपाएको भन्दै संक्रमणकालीन कानुन संशोधन गर्न आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘द्वन्द्वपीडितले न्याय पाउनुपर्छ, आयोगले यसअघि गरेका सिफारिस, सर्वोच्च अदालतको फैसला, सयुक्त राष्ट्रसंघका महासचिवसँगको भेटमा गरिएका प्रतिबद्धता र अन्तर्राष्ट्रिय मान्यताबमोजिम संक्रमणकालीन न्यायसँग सम्बन्धित कानुनमा संशोधन गरी संक्रमणकालीन न्यायलाई शीघ्र टुंगोमा पुऱ्याउन आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।’

नेपाल सरकार र तत्कालीन नेकपा माओवादीबीच २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौतापश्चात् नेपालमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भएको आज १७ वर्ष पूरा भएको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका हतियार व्यवस्थापन सेना समायोजन, संविधानसभामार्फत नयाँ संविधान जारी गर्ने कार्य पूरा भइसकेको छ । तर, द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने कार्य अझै पूरा हुन नसक्दा पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकार कुण्ठित बन्न पुगेको आयोगको भनाइ छ ।

विस्तृत शान्ति सम्झौताका आठ वर्षपछि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भए पनि अपर्याप्त कानुनी व्यवस्था र राजनीतिक दलहरूको इच्छाशक्तिको कमीका कारण संक्रमणकालीन न्याय प्रदान गर्ने सम्बन्धमा गठन भएका आयोगबाट आशातीत रूपमा न्यायिक निरूपण हुन नसकेको आयोगको ठहर छ । हालैमात्र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गरेको नेपाल भ्रमणको एजेण्डाका रूपमा शान्ति प्रक्रियाका बाँकी कार्य खासगरी संक्रमणकालीन न्याय पनि थियो ।

आयोगले संसद्मा विचाराधीन बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधन विधेयकलाई अन्तर्राष्ट्रिय मञ्चमा नेपालले गरेका प्रतिबद्धता तथा संक्रमणकालीन न्यायका अन्तर्राष्ट्रिय मूल्य तथा मान्यताबमोजिम शीघ्र पारित गरी यथाशीघ्र विश्वसनीय तवरले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन व्यवस्थापिका संसद्का सभामुखसँग भेट गरी आग्रह गरेको छ ।

आयोगमा दर्ता भएका द्वन्द्वकालीन उजुरीउपर आयोगले अनुसन्धान, निर्णय र सिफारिस गर्दै आइरहेको छ । आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानवअधिकार उल्लंघनमा संलग्न दोषीमथि कारबाही र पीडितलाई परिपूरणका कार्य पूरा नहुँदा द्वन्द्वपीडित तथा पीडित परिवारले न्याय प्राप्त गर्न नसकेको आयोगको भनाइ छ ।

आयोगले राजनीतिक दलका शीर्ष नेताहरू समेतबाट द्वन्द्वपीडितलाई न्याय प्रदान गर्न ढिलाइ भएको भन्दै शीघ्र संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याइ पीडितलाई न्याय प्रदान गर्ने भनी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा यसअघि पटक-पटक गरेको प्रतिबद्धतालाई स्मरण गराएको छ ।

द्वन्द्वपीडित समुदायको माग

यसैबीच द्वन्द्वपीडित समुदायले संक्रमणकालीन न्यायसम्बन्धी ऐन परिमार्जनका लागि प्रस्तुत विधेयक तत्काल पारित गरी पीडित केन्द्रित र विश्वसनीय आयोग स्थापना गर्न माग गरेका छन् ।

दश वर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भएको मंगलबार १८ वर्ष लाग्दा पनि अझै पनि न्याय नपाइएपछि उनीहरूले सो माग गरेका हुन् । द्वन्द्वपीडित साझा चौतारी द्वन्द्वपीडित महिला सञ्जालसहित आबद्ध विभिन्न २० वटा संघ संस्थाद्वारा मंगलबार जारी प्रेस विज्ञप्तिमा संक्रमणकालीन न्यायसम्बन्धी ऐनसँग सम्बन्धित संशोधन विधेयक तत्काल पारित गरी पीडित केन्द्रित र विश्वसनीय आयोग स्थापना गरी न्याय दिन माग गरेका हुन् ।

‘पीडित केन्द्रित र विश्वसनीय संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना गर्न स्वतन्त्र र निष्पक्ष सिफारिस समिति गठन गरी आयोग गठन गरेर पीडितमैत्री एवं लैंगिक सत्य अन्वेषण प्रक्रिया अवलम्बन गर्नुपर्छ,’ विज्ञप्तिमा भनिएको छ, ‘सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न एवं पीडित समुदायका तत्कालीन र दीर्घकालीन आवश्यकताका आधारमा परिपूरणसम्बन्धी कार्यक्रम लागू गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।’

विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतको फैसला, पीडित समुदायको सरोकार एवं राज्यको अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुन अनुकूल हुनेगरी आफ्नो सार्वभौम अधिकारको उपयोग गरी उक्त विचाराधीन संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधनका लागि प्रस्तुत विधेयक तत्काल पारित गर्न संसदीय समिति र सिंगो संसद्सँग पीडित समुदायले माग गरेको छ ।

संसद्मा विचाराधीन उक्त संशोधन विधेयक संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिअन्तर्गत गठित उपसमितिले झण्डै पाँच महिनापछि समितिसमक्ष पेस गरेको छ । पीडित समुदाय र अन्य सरोकारवालासँगको परामर्शपश्चात् उपसमितिले पेस गरेको प्रतिवेदनमा कयौं राम्रा र सकारात्मक प्रावधान समेटिएकोप्रति पीडित समुदायले स्वागतसमेत गरेको छ ।

## टिकटक प्रतिबन्धविरुद्ध सर्वोच्चले दिएन अन्तरिम आदेश

**काठमाडौं (प्रस)–** सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध परेको रिटमा अन्तरिम आदेश दिन सर्वोच्च अदालतले अस्वीकार गरेको छ । सर्वोच्चले टिकटकमाथि प्रतिबन्ध लगाउनुको कारणबारे सरकारसँग लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले मंगलबार प्रारम्भिक सुनुवाइ गर्दै १० दिनभित्र लिखित जवाफ माग गर्दै कारण देखाउन आदेश गरेको हो । सर्वोच्चका सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार उक्त विवादमा यही मंसिर १५ गतेभित्र लिखित जवाफ माग गरेको छ भने यही मंसिर १९ गते सुनुवाइका लागि पेशी तोक्ने आदेश भएको छ ।

उक्त विषयमा सर्वोच्च अदालतमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहित १० जनाले छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए । सरकारले गत कात्तिक २७ गते सामाजिक सद्भावमा खलल पुगेको उल्लेख गर्दै टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/०६ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **८ औँ दिन अर्थात मिति २०८० मंसिर १३ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय सिमरा, बारामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरणः**
कृष्ण बहादुर पोखरेलको नाति, बिन्दु बहादुर पोखरेलको छोरा, रौतहट जिल्ला, भसेढवा गा.बि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा वडा नं. २, सिमरा बस्ने **योगेन्द्र बहादुर पोखरेल** (ना.प्र.नं. ३०५५, जारी मिति २०४४/१२/२६, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**
१. बिन्दु बहादुर पोखरेलको बुहारी, पुर्ण बहादुर धिमालको छोरी, योगेन्द्र बहादुर पोखरेलकी पत्नी, रौतहट जिल्ला भसेढवा गा.बि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा वडा नं. २, सिमरा बस्ने **जानकी माया पोखरेल** (ना.प्र.नं. १७१७/८२८ जारी मिति २०४६/०२/१९ जिल्ला प्रशासन कार्यालय रौतहट) ।
२. बिन्दु बहादुर पोखरेलको नाति, योगेन्द्र बहादुर पोखरेलको छोरा, रौतहट जिल्ला, भसेढवा गा.बि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा वडा नं. २, सिमरा बस्ने **सुवास पोखरेल** (ना.प्र.नं. १०६४/६८२, जारी मिति २०६७/०४/२५, जिल्ला प्रशासन कार्यालय रौतहट) ।
३. बिन्दु बहादुर पोखरेलको नाति, योगेन्द्र बहादुर पोखरेलको छोरा, रौतहट जिल्ला, भसेढवा गा.बि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा वडा नं. २, सिमरा बस्ने **रोशन पोखरेल** (ना.प्र.प.नं. ३२१०६४/६८४, जारी मिति २०६७/०४/२५, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

**लिलाम हुने सम्पतीको विवरण :**
**योगेन्द्र बहादुर पोखरेल**को नाममा मालपोत कार्यालय बारामा दर्ता कायम भएको बारा जिल्ला, पिपरा सिमरा गा.बि.स. वडा नं. ४/क स्थित कि.न. ६८२६ को क्षेत्रफल ०-०-१० (बिगाहा) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **मितिले ७ (सातौँ) दिन अर्थात २०८० मंसिर १२ गते** भित्र बैंकको शाखा कार्यालय सिमरा, बारामा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सिमरा, बाराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले **८ औँ दिन अर्थात मिति २०८० मंसिर १३ गते ०३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय सिमरा, बारामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
